प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

# भेरी प्राविधिक शिक्षालय

नेपालगन्ज, बांके

स्थापित २०५०

## बोलपत्ररद्ध तथा पून:आह्वानको जरुरी सूचना

(सूचना प्रकाशित मिति २०८३/०५/१८)

यस भेरी प्राविधिक शिक्षालय नेपालगन्ज, बांकेबाट मिति २०८३।०५।०८ गते सुरक्षा सेवा आपूर्ति गर्ने कार्यका लागी **विद्युतीय** खरीद प्रणाली **(e-GP System)** मार्फत पेश गर्ने गरी आह्वान गरिएको बोलपत्र सार्वजनिक खरिद अनूगमन कार्यालय **(PPMO),** केसरमहल काठमाडौंको प.स. सू.प.०८३।०८४, च.न.**MIT**/१८२, मिति २०८३।०५।११ गतेको सुचना अनुसार हाल सञ्चालनमा रहेको **e-GP System** मा सूरक्षा जोखिम उच्च रहेको र प्रणाली सूधार / मर्मत सम्भार भइरहेको हूनाले अर्को सूचना जारी नभएसम्म प्रणालीको प्रयोग स्थगन गरी हार्डकपी **(Hard Copy)** मार्फत खरिदप्रकृया अगाडि बढाउन निर्देशन प्राप्त भए अनूसार उक्त बोलपत्र रद्द गरी हार्डकपी **(Hard Copy)** मार्फत **खरिदप्रकृया अगाडि बढाउन** नेपाल सरकारबाट इजाजत प्राप्त सेवा प्रदायक संस्था/कम्पनी/फर्मबाट निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको बोलपत्र फारम दाखिला गर्न **पून: बोलपत्र आह्वान गरिन्छ।**

**शर्तहरू:**

१. बोलपत्र **सूचना** प्रकाशित भएको मितिले २०८३।०६।०८ गते (सो दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन)दिउँसो १२:०० बजे सम्ममा दर्ता गर्नुपर्नेछ । रीतपूर्वक दर्ता भएका बोलपत्रहरू सोही दिन १४:०० बजे सम्बन्धित बोलपत्रदाताहरूको रोहबरमा यस कार्यालयमा (बोलपत्रदाता उपस्थित नभए पनि) खोलिनेछ ।

२. बोलपत्र फारम खरिद गर्न फर्म/संस्था/कम्पनीको दर्ता नवीकरण इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि करदर्ता प्रमाणपत्र र कर चुक्ता वा कर दाखिला वा कर दाखिला म्याद थपको प्रमाणित प्रतिलिपि, बोलपत्र दस्तुर बापतको रकम (फिर्ता नहुने गरी) तपशिल बैंक खातामा जम्मा गरी सोको सक्कल बैंक भौचर संलग्न गरी भेरी प्राविधिक शिक्षालय, नेपालगन्ज, बांकेमा निवेदन पेस गरी मिति २०८३।०६।०७ गतेकार्यालय समय भित्र खरिद गरी सक्नुपर्नेछ ।

**बैंक नाम: राष्ट्रिय बाणिज्य बैंक लि. खातावालाको नाम: महालेखा नियन्त्रक कार्यालय राजश्व खाता. खाता न.: १०००१००२०००१००००. बोलपत्र दस्तूर रकम: रु.३०००**

**शिक्षालय कोड: ३५०००५७०४५. राजस्व शीर्षक: १४२२९**

३. बोलपत्र फारम साथ बोलपत्र जमानत (बिडबन्ड) वापत रू. ७१,०००/- (अक्षरुपि एकहतर हजाररूपैयाँ मात्र) प्रदेश लेखा नियन्त्रक कार्यालय नाममा रहेकों राष्ट्रिय बाणिज्य बैंक लि. नेपालगंज बांकको धरौटी

शिक्षालय प्रमुख

खाता नं. ४१३०१००२०२०३०००० मा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा सो वरावरको नेपाल स्थित 'क' श्रेणीको वणिज्य बैंकबाट जारी भएको कम्तीमा १२०दिन म्याद भएको बैंक जमानीपत्र अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव दर्ता गराउन चाहने प्रस्तावदाताले बोलपत्रको जमानत (बिडबन्ड) समेत संयुक्त उपक्रमकै नाममा अनिवार्य रुपमा पेस गर्नु पर्नेछ ।

४. बोलपत्रदाताले कबोल गरेको दररेट तथा कुल रकम अंक र अक्षरमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ ।

५. बोलपत्र फारम दर्ता गर्दा यस कार्यालयको नाम, बोलपत्र नं. र कार्यको नाम स्पष्ट रुपमा लेख्नूपर्नेछ । बोलपत्रमा बोलपत्रदाताको नाम, ठेगाना, दस्तखत र छाप लगाई खाममा शिलबन्दी गरी भेरी प्राविधिक शिक्षालय, नेपालगन्ज, बांकेमा हार्डकपी **(Hard Copy)** सम्बन्धित बोलपत्रदाता वा अधिकार प्राप्त प्रतिनिधि उपस्थिति भई पेश गर्नुपर्नेछ।

६. म्याद नाघेको वा रीत नपुगेको वा एउटाको नाम बाट खरिद भई अर्काको नाममा दर्ता हुन आएको बोलपत्र फारामलाई मान्यता दिइने छैन ।

७. बोलपत्र फाराम आंशिक वा पूर्ण रुपले कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

८. अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।सूचना र बोलपत्रमा उल्लेख नभएका कुराहरूको हकमा सिटिईभिटी आर्थिक प्रशासन विनियमावली २०६८ (स.स), सिटिईभिटी सेवा करार निर्देशिका २०७४, श्रम ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३ (स.स) तथा अन्य प्रचलित कानुन वमोजिम हुनेछ ।

९. वोलपत्र सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको फोन ०८१-५३१५३८/ ९८५८०२०८३८ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

शिक्षालय प्रमुख

शिक्षालय प्रमुख

Scanned with CamScanner